# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल पुस २२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश र मित्रराष्ट्र चीनको चियांग्सी प्रान्तीय सरकारका प्रतिनिधि बीच यसैसाथ संलग्न समझदारी पत्र (MOU) को मस्यौदाको मूल मर्म विपरीत नहुने गरी हस्ताक्षर गर्न नेपालको संविधानको धारा २७८ को उपधारा (३) बमोजिम सहमतिका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| २. | आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बजेट खर्च शीर्षक नं. ३१११२, ३११४१, ३११५९, ३११६१ मा रहेको मध्ये विनियोजित बजेट रु. ५,५६,००,०००।—(पाँच करोड छपन्न लाख रुपैयाँ मात्र) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त सहमतिमा उल्लेखित निकायहरूबाट प्रचलित कानून र स्वीकृत मापदण्ड अनुरूप खर्च गर्ने, लेखा परीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी वहन गर्ने गरी प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ को उपदफा (१) बमोजिम अख्तियारी दिने। |
| ३. | प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (३) बमोजिम बढीमा रु. २,२५,०००।-(अक्षरेपि दुई लाख पच्चीस हजार मात्र) सम्मको उपचार खर्च रकम यकिन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभा सचिवालयलाई थप निकासा उपलब्ध गराउन स्वीकृति दिने। |
| ४. | "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ५. | "गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ६. | "दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ७. | (क) समस्याग्रस्त घोषणा भएका सहकारी संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सहकारी ऐन, २०७६ को दफा ८२ को उपदफा (१) अनुसार देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने।<br>१. वरिष्ठ अधिवक्ता श्री प्रभात अधिकारी, काठमाडौं -३१, काठमाडौं - अध्यक्ष<br>२. श्री यज्ञनाथ दहाल, काठमाण्डौं -४, काठमाडौं - सदस्य<br>३. श्री यतीराज सापकोटा, मकवानपुरगढी -२, मकवानपुर - सदस्य<br>(ख) निर्णय (क) बमोजिमको व्यवस्थापन समितिको लागि यसै साथ संलग्न सेवा सुविधा तथा शर्त सम्बन्धी व्यवस्था, २०८० स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८० साल पुस ३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम स्वास्थ्य मन्त्रालय एवम् अन्तर्गतका कार्यालयहरूको यसै साथ संलग्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय एवम् अन्तर्गतका कार्यालयहरूको यसै साथ संलग्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने। |
| ३. | प्रदेश निजामती सेवा नियमावली, २०८० को मस्यौदा उपर परामर्शको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा पठाउने। |
| ४. | (क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४ को उपदफा (१) बमोजिमका सेवाहरूसँग सम्बन्धित समूह, उपसमूहहरूको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता निजामती सेवा नियमावली, २०५० र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा उल्लेख भएका आधार अनुरूप प्रदेश लोक सेवा आयोगले अघिल्लो विज्ञापन प्रकाशन गर्दा निर्धारण गरेको शैक्षिक योग्यता बमोजिम नै विज्ञापन प्रकाशन गरी पदपूर्तिको प्रकृया अगाडि बढाउन प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्ने।<br>(ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७ बमोजिम कुनैपनि स्थानीय तहले स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनुपर्ने व्यवस्था भएकोमा राष्ट्रिय किताबखानाबाट पद दर्ताको लागि स्थानीय तहको पोर्टल प्राप्त भइनसेको हुँदा हाललाई नेपाल सरकारबाट स्थानीय तहको लागी स्वीकृत सङ्गठन संरचना र दरबन्दी अनुसार रिक्त भएको पद सङ्ख्या यकिन गरी विज्ञापन प्रकाशन गरी पदपूर्तिको प्रकृया अगाडि बढाउन प्रदेश लोकसेवा आयोगलाई अनुरोध गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व. ०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रमको खर्च शीर्षक नं. ३११२ मा रहेको बागमती प्रदेश प्रहरी कार्यालय मातहत निर्माणाधीन २४ वटा प्रहरी भवनहरूको लागि विनियोजित बजेट रू. २६,५५,२९,१००।— (छब्बीस करोड पचपन्न लाख उनन्तीस हजार एक सय रुपैंया मात्र) सम्बन्धित प्रहरी कार्यालयबाट प्रचलित कानून र स्वीकृत मापदण्ड अनुरूप खर्च गर्ने, लेखापरीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी वहन गर्ने गरी बागमती प्रदेश सरकार विनियोजन ऐन, २०८० को दफा ५ को उपदफा (१) बमोजिम अख्तियारी दिने। |
| ६. | १. बागमती प्रदेशको मकवानपुर, हेटौंडामा प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ८ को उपदफा (१)(क) बमोजिमको सार्वजनिक विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाउने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| | २. निर्णय १ बमोजिमको विश्वविद्यालय स्थापनाको लागि प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम १० को उपनियम (२) मा उल्लेख भए बमोजिम प्रस्ताव गरिएको विश्वविद्यालयको प्रस्तावित विधान, विश्वविद्यालयको आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधारको लागि भए गरेको कार्य प्रकृतिको प्रतिवेदन र थप पूर्वाधारका लागि प्रदेश सरकारले चाल्नुपर्ने कदम सिफारिस गर्न प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा शिक्षा विकास निर्देशनालयका निर्देशक र मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख सदस्य रहेको कार्यदल गठन गर्ने।<br>३. निर्णय २ बमोजिमको कार्यदलको कार्यादेश र समयावधि सामाजिक विकास मन्त्रालयले तोक्ने। |
| ७. | भैसे-भीमफेदी सडक खण्डको भीमफेदी गा.पा वडा नं. ४ को सडक क्षेत्रमा पर्ने जग्गामा रहेका घरटहराको नियमानुसारको छुट राहत सम्बन्धित गाउँपालिकाले यकिन गरी उपलब्ध गराउन भीमफेदी गाउँपालिकाको कार्यालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत रु. दुई लाख तीस हजार सशर्त अनुदान उपलब्ध गराउने। |